## मुख्यमन्त्री  उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ती कार्यक्रम एमविविएस भर्ना भएका गरिब, दलित तथा अल्पसङ्ख्यक जातिका विद्यार्थीका लागि) सञ्चालन सम्बन्धी कार्यविधी, २०७६

**प्रस्तावना**

एमविविएस लगायत उच्च प्राविधिक शिक्षा अध्ययनका लागि छनौट भएका दलित, अल्पसङ्ख्यक तथा गरिब विद्यार्थीलाई थप प्रोत्साहन गरी राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गर्न सशक्तिकरण, प्रतिनिधत्त्व र सहभागिताका लागि उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ती प्रदान गर्ने नीति रहेको छ । यस प्रदेशभित्र स्थायी बसोवास गर्ने नेपाली नागरिकहरु एमविविएस कोर्षमा भर्ना हुनका लागि छनौटभई चालु आ.व. ०७६/०७७ मा नेपाल भित्र मेडिकल कलेजहरुमा एमविविएस अध्ययनका लागि भर्ना भएका गरिब, दलित तथा अल्पसङ्ख्यक जातिका विद्यार्थीहरुलाई सो कोर्ष पुरा गर्न प्रोत्साहन गर्नु पर्दछ । मुख्यमन्त्री उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ती कार्यक्रम स्वच्छ, मर्यादित र विश्वसनिय रुपमा कार्यान्वयन गर्नका लागि मुख्यमन्त्री उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ती कार्यक्रम  एमविविएस भर्ना भएका गरिब, दलित तथा अल्पसङ्ख्यक जातिका विद्यार्थीका लागि) सञ्चालन सम्बन्धी कार्यविधी, २०७६ गण्डकी प्रदेश सरकार मन्त्रि परिषद्) बाट स्वीकृत भई जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** १) यो कार्यविधिको नाम **मुख्यमन्त्री उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ती कार्यक्रम एमविविएस भर्ना भएका गरिब, दलित तथा अल्पसङ्ख्यक जातिका विद्यार्थीका लागि) सञ्चालन सम्बन्धी कार्यविधी, २०७६** रहेको छ ।

२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि गण्डकी प्रदेशभर प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**(क) "मुख्यमन्त्री"** भन्नाले गण्डकी प्रदेशका मुख्यमन्त्रीलाई सम्झनु पर्दछ ।

**(ख) "मन्त्रालय"** भन्नाले सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशलाई सम्झनु पर्दछ ।

**(ग) "मेडिकल कलेज"** भन्नाले विभिन्न विश्वविद्यालयहरुबाट सम्बन्धन प्राप्त गरी एमविविएस कक्षा सञ्चालनको अनुमति पाएका संस्थाहरुलाई सम्झनु पर्दछ ।यसले एसविविएस कक्षा सञ्चालन गर्ने अन्य स्वास्थ्यविज्ञान प्रतिष्ठानहरुलाई समेत जनाउँदछ ।

(घ) "**दलित**" भन्नाले कानुन वमोजिम दलित भनि तोकिएको जातिलाई सम्झनु पर्दछ ।

ङ) "**गरिब**" भन्नाले सम्बन्धित स्थानीय तहले गरीब हो भनि सिफारिस गरेका विद्यार्थीलाई सम्झनु पर्दछ ।

च) "**अल्पसङ्ख्यक**" भन्नाले कानुन बमोजिम अल्पसङ्ख्यक भनी सुचिकृत भएका जातिहरुलाई सम्झनु पर्दछ ।

छ) "**प्रोत्साहन छात्रवृत्ती**" भन्नाले भर्नाका निम्ति छनौट भएका तथा भर्ना भई अध्ययन शुरु गरेका विद्यार्थीहरुको अध्ययनका लागि चाहिने खर्चको अभावमा अध्ययनलाई बिचैमा छाड्नु नपरोस भनी उपलव्ध गराइने थप सहायता रकम सम्झनु पर्दछ ।यस वापत प्रति विद्यार्थी एकमुष्ठ तीन लाख रकम उपलव्ध गराइनेछ ।

**३. सुचना प्रकाशन** १) छात्रवृत्ती प्रदान गर्नका लागि एमविविएस भर्ना भएका विद्यार्थीहरुसँग ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी तोकिएका कागजात सहित निवेदन माग गरिनेछ । छात्रवृत्ती सम्बन्धी सूचनाको ढाँचा अनुसूची — १ मा भए बमोजिम हुनेछ ।

२) उपदफा १) बमोजिमको सूचना मन्त्रालयको वेवसाइट वा अन्य विद्युतीय माध्यम तथा राष्ट्रियस्तरको पत्रिकामा समेत प्रकाशन गरिनेछ ।

**४. निवेदन पेश गर्नेः** १) एमविविएस भर्ना भई अध्ययन शुरु गरेका **गरिब, दलित तथा अल्पसङ्ख्यक जातिका विद्यार्थीहरुले सम्बन्धित मेडिकल कलेजको सिफारिस सहित** संलग्न गरी तोकिएको समय भित्र मन्त्रालय समक्ष सक्कल निवेदन पेश गर्नु पर्नेछ ।

२) निवेदनको ढाँचा अनुसूची - २ मा उल्लेख भए बमोजिम हुनेछ ।

**५. निवेदन छनौट र स्वीकृतिः** १) प्राप्त हुन आएका निवेदनहरुको छनौट गर्न मन्त्रालयमा देहाय बमोजिमको एक छनौट तथा सिफारिस समिति रहनेछ ।

क) मन्त्रालयको शैक्षिक योजना तथा अनुसन्धान महाशाखा प्रमुख - संयोजक

ख) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अधिकृत प्रतिनिधी - सदस्य

ग) प्रदेश नीति तथा योजना आयोगको अधिकृत प्रतिनिधि - सदस्य

घ) मन्त्रालयको प्राविधिक तथा व्यावसायिक शिक्षा शाखाको अधिकृत - सदस्य सचिव

छनौट समितिमा संयोजकले आवश्यकता अनुसार थप विज्ञ आमन्त्रण गर्न सक्नेछ ।

१. उपदफा १) बमोजिमका प्रस्तावहरुको छनौट तथा मूल्याङकनका मापदण्डहरु अनुसूची- ३ बमोजिम हुनेछन् ।

२. प्राप्त भएका निवेदनहरु छनौट गरी स्वीकृतिका लागि सचिव समक्ष पेश गर्नेछ ।

३. उपदफा ४ ) बमोजिम स्वीकृत भएका विद्यार्थीहरुको सूची मन्त्रालयको वेवसाइट मार्फत् सार्वजनिक गर्नु पर्नेछ ।

**४. छात्रवृत्ती रकम सम्बन्धमाः** १) छात्रवृत्ती बापतको रकम विद्यार्थीको खातामा उपलव्ध हुनेछ ।

**५. कार्यक्रम अनुगमन प्रतिवेदनः** १) कार्यक्रमको अनुगमन मन्त्रालयबाट हुनेछ ।

**६. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**७. संशोधन एवम् हेरफेरः** मन्त्रालयले यस कार्यविधिमा संशोधन एवम् हेरफेर गर्न आवश्यक ठानेमा प्रस्ताव तयार पारी स्वीकृत गर्न सक्नेछ ।

अनुसूची – १

दफा ३ १ ) सँग सम्बन्धित)

सूचनाको ढाँचा

प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

गण्डकी प्रदेश, पोखरा

**मुख्यमन्त्री उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ती कार्यक्रम एमविविएस भर्ना भएका गरिब, दलित तथा अल्पसङ्ख्यक जातिका विद्यार्थीका लागि दरखास्त पेश गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७६/......./.....

यस प्रदेशभित्र स्थायी बसोवास गर्ने नेपाली नागरिकहरु एमविविएस कोर्षमा भर्ना हुनका लागि छनौट भएका वा छनौटभई चालु आ.व. ०७६/०७७ मा नेपाल भित्र सञ्चालित मेडिकल कलेजहरुमा एमविविएस अध्ययनका लागि भर्ना भएका गरिब, दलित तथा अल्पसङ्ख्यक जातिका विद्यार्थीहरुलाई **मुख्यमन्त्री उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ती कार्यक्रम एमविविएस भर्ना भएका गरिब, दलित तथा अल्पसङ्ख्यक जातिका विद्यार्थीका लागि) सञ्चालन सम्बन्धी कार्यविधी, २०७६** अनुसार तपसिल बमोजिमका आवश्यक कागजातहरु सहित सक्कल निवेदन सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशमा पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
२. बसाईंसराइ भई यस प्रदेशमा बसोवास भएको भए बसाईंसराइ प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
३. कक्षा १० (SEE) र १२ उत्तीर्ण गरेको ट्रान्सक्रिप्टको प्रमाणित प्रतिलिपी,
४. कक्षा १० (SEE) उत्तीर्ण विद्यालय सामुदायिक विद्यालय हो भनि सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइले प्रमाणित गरेको पत्र,
५. चालु आ.ब. ०७६/०७७ मा भर्ना भई एमविविएस अध्ययन गरेको सम्बन्धित मेडिकल कलेजको सिफारिस पत्र,
६. गरीब खुलेको स्थानीय तहको सक्कलै सिफारिस पत्र,
७. दलित तथा अल्पसङ्ख्यक खुलेको सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित आयोगबाट प्रमाणित गरिएको सक्कलै पत्र ।

यस सम्बन्धी थप जानकारीका लागि सम्पर्क

सामाजिक विकास मन्त्रालयको वेवसाइट mosd.gandaki.gov.np मा लगइन गरी वा मन्त्रालयको इमेल ministrysocialdevpkr@gmail.com फोन नं. ०६१-४६७६७१ , ०६१-४६७६७२ मा सम्पर्क गर्न सकिने छ।

**अनुसूची -२**

**दफा ४ २) सँग सम्बन्धित)**

निवेदनको ढाँचा

पासपोर्ट
साइजको
फोटो

**निवेदकको व्यक्तिगत विवरण**

नाम थरः लिङ्गः

जातः

**स्थायी ठेगानाः**

जिल्लाः स्थानीय तहको नामः वडा नं.

बाबुको नामः

आमाको नामः

मोवाइल नम्बर) बाबुको पेसा: आमाको पेसा:

परिवारको वार्षिक आम्दानी :

कक्षा १२ उत्तीर्ण विद्यालयको नामः ठेगानाः

उत्तीर्ण सालः प्राप्ताङ्क प्रतिशत/जिपिए :

भर्ना भएको मेडिकल कलेजको नामः ठेगानाः

भर्ना भएको शैक्षिक सत्रः भर्ना रोल नम्बरः

**अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरु**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
२. बसाईंसराइ भई यस प्रदेशमा बसोवास भएको भए बसाईंसराइ प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
३. कक्षा १० (SEE) र १२ उत्तीर्ण गरेको ट्रान्सक्रिप्टको प्रमाणित प्रतिलिपी (विदेशी वोर्डवाट उत्तीर्ण भएको भए समकक्षता)
४. कक्षा १० (SEE) उत्तीर्ण विद्यालय सामुदायिक विद्यालय हो भनि सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइले प्रमाणित गरेको पत्र,
५. चालु आ.ब. ०७६/०७७ मा भर्ना भई अध्ययन गरेको सम्बन्धित मेडिकल कलेजको सक्कलै पत्र,
६. गरीबी खुलेको स्थानीय तहको सक्कलै सिफारिस पत्र (सबै समूहका लागि)
७. दलित तथा अल्पसङ्ख्यक जाति खुलेको सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित आयोगबाट प्रमाणित गरिएको प्रमाणित प्रतिलिपी ।

**अनुसूची -३**

**दफा ५ १) सँग सम्बन्धित)**

**मुख्यमन्त्री उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ती एमविविएस भर्ना भएका गरिब, दलित तथा अल्पसङ्ख्यक जातिका विद्यार्थीका लागि) उपलब्ध गराउने सम्बन्धी मूल्याङ्कनका आधारहरु**

| क.सं. | विषय | अंकभार | अंक विभाजन विवरण |
|---|---|---|---|
| १ | SLC/SEE को प्राप्ताङ्क | १५ अङ्क | SLC/SEE को प्राप्ताङ्कलाई १५% अङ्कभार दिईनेछ । । १ ५ लाई प्राप्त प्रतिशतले गुणा गरी १०० ले भाग गरेर अंकभार निकाल्ने) अक्षराङ्कन पद्धतिबाट प्राप्त ग्रेडसिटलाई प्रतिशतमा बदल्दा GPA×0.95×25 सुत्र प्रयोग गरिनेछ । |
| २. | कक्षा १२ को प्राप्ताङ्क | ७० अङ्क | कक्षा १२ को प्राप्ताङ्कलाई ७०% अंकभार दिइनेछ । ७० लाई प्राप्त प्रतिशतले गुणा गरी १०० ले भाग गरेर अंकभार निकाल्ने) अक्षराङ्कन पद्धतिबाट प्राप्त ग्रेडसिटलाई प्रतिशतमा बदल्दा GPA×0.95×25 सुत्र प्रयोग गरिनेछ । |
| ३. | विद्यालयको प्रकार | ७ अङ्क | सामुदायिक विद्यालयका लागि ७ अंक र संस्थागत विद्यालयका लागि २ अंक प्रदान गरिनेछ । |
| ४. | भौगोलिक क्षेत्र | ५ अङ्क | निजामति सेवा नियमावली २०५० (संशोधन सहित) मा व्यवस्था भए बमोजिम "क" वर्गको भौगोलिक क्षेत्रमा स्थायी ठेगाना भएमा ५ अंक "ख" वर्गलाई ४ अंक "ग" वर्गलाई ३ अंक र "घ" वर्गलाई २ अंक प्रदान गरिनेछ । |
| ५. | जाति र वर्ग | ३ अङ्क | क) अल्पसङ्ख्यक — ३ अङ्क<br>ख) दलित — २ अङ्क |
| जम्मा | | १०० अङ्क | अंक बराबर भएमा प्राथमिकता क्रममा क्रमशः अल्पसंख्यक, गरिब र दलित विद्यार्थीहरु छनौट गरिनेछ । |

नोटः कुल अंक मध्ये ४० अंक वा सो भन्दा बढी अंक प्राप्त गर्ने विद्यार्थीहरुलाई छनौट समितिले योग्यता सूचीका आधारमा स्वीकृतीका लागि सिफारिस गर्नेछ ।